# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असोज १९ गते, २०७५ साल (संख्या ३२


## भाग ५

### नेपाल सरकार

### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

### सूचना १

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई लगाउन सकिने कामको सूची देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. <u>सुरक्षा सेवाः</u>

सुरक्षा श्रमिक ।

२. **सहजकारी सेवा :**

सबै प्रकारका सरसफाई तथा फोहोर व्यवस्थापनलाई आवश्यक श्रमिक, बगैंचा व्यवस्थापन गर्ने माली लगायत कृषि श्रमिक, कार्यालय सहायक (चिया तथा खाजा तयार गर्ने वा म्यासेन्जर सेवा), क्यान्टिन तथा क्याटरिङ्ग श्रमिक ।

३. **व्यवसाय सहयोग सेवाः**

चालक, परिचालक, लोड अनलोड, सामानको ओसारपसार तथा भण्डारण व्यवस्थापन गर्ने श्रमिक, मर्मत सम्भार, प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्ने श्रमिक, प्लम्बर, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी लगायतका निर्माण श्रमिक ।

४. **घरेलु सहयोगी सेवा :**

हाउसमेड, केयर गिभर लगायतका घरेलु श्रमिक ।

माथि उल्लेख भए बमोजिम श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउँदा निम्नबमोजिमका शर्तहरु अनिवार्य रूपमा पालना गर्नुपर्नेछ :-

(१) रोजगारदाताले व्यवसाय स्थापना गर्दा उल्लेख गरिएको मुख्य काम र सोसँग प्रत्यक्ष रुपमा सम्बन्धित काममा आपूर्तिकर्ता मार्फत श्रमिक आपूर्ति गर्न पाउने छैनन् ।

(२) हाल सञ्चालनमा रहेका श्रमिक आपूर्तिकर्ताहरुले आगामी २०७५ पुस ७ गते भित्र श्रम ऐन, २०७४ को परिच्छेद-११ तथा श्रम नियमावली, २०७५ को परिच्छेद-६ बमोजिम श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयबाट ईजाजत लिनु पर्नेछ ।

(३) सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम श्रमिक आपूर्ति गर्ने, गराउने गरी कुनै किसिमको प्रस्ताव वा बोलपत्र आह्वान वा पेश गर्दा वा श्रमिक आपूर्ति गर्ने गरी सम्झौता गर्दा श्रम ऐन, २०७४ बमोजिम ईजाजत नलिएको कुनैपनि संस्थाहरुसँग सम्झौता गर्न पाईने छैन ।

(४) सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम श्रमिक आपूर्ति गर्ने, गराउने गरी कुनै किसिमको प्रस्ताव वा बोलपत्र आह्वान गर्दा वा पेश गर्दा वा श्रमिक आपूर्ति गर्ने गरी सम्झौता गर्दा देहायका विषयहरू उल्लेख गर्नु पर्नेछ :-

(क) नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक,

(ख) श्रमिकको आधारभूत पारिश्रमिकबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा शतप्रतिशत रकम थप गरी सञ्चयकोष वापतको रकम जम्मा गर्ने विषय,

(ग) श्रमिकको आधारभूत पारिश्रमिकको ८.३३ प्रतिशत बराबरको रकम प्रत्येक महिना उपदान वापतको रकम जम्मा गर्ने विषय,

(घ) सामाजिक सुरक्षा योजना लागू भएपछि सो बमोजिम सामाजिक सुरक्षा कोषले तोकेको रकम वा सो व्यवस्था कार्यान्वयन नहुँदासम्म औषधि उपचार वापत वार्षिक एक लाखको बीमा र सात लाखको दुर्घटना बीमाको प्रिमियम वापतको रकम रोजगारदाताले व्यहोर्नु पर्ने विषय,

(ङ) श्रमिकले प्रत्येक वर्ष चाडपर्व खर्च वापत एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम प्राप्त गर्ने विषय,

(च) श्रमिकले काम गरेको अवधिको बीस दिनको एक दिनका दरले पारिश्रमिक सहितको घर बिदा र वार्षिक बाह्र दिन पारिश्रमिक सहितको बिरामी बिदा पाउने विषय,

(छ) ओभरटाईम, प्रसुति बिदा, प्रसुति स्याहार बिदा, किरिया बिदा तथा प्रचलित कानून बमोजिम वहन गर्नुपर्ने अन्य दायित्व सम्बन्धी विषय ।

(५) प्रत्येक वर्ष पौष मसान्तभित्र श्रम अडिट गरी श्रम तथा व्यवसायजन्य सुरक्षा बिभाग वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(६) माथि उल्लेख गरिए बाहेक अन्य व्यवस्था श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ तथा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

## सूचना २

नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी साउदी अरबमा काम गर्न जाने नेपाली कामदारको लागि देहाय बमोजिम न्यूनतम पारिश्रमिक तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| सि. नं | कामदारको वर्गीकरण | कामदारको पद | अनुभव र सीप | न्यूनतम पारिश्रमिक (साउदी अरब रियाल) | खाना भत्ता (साउदी अरब रियाल) | अन्य सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | अदक्ष (Unskilled) | लेबर, क्लिनर, हेल्पर, स्वीपर, अफिस ब्वाय, वाचमेन | अदक्ष | १०००(एक हजार) | ३००(तीनसय) | औषधी उपचार, द्वितर्फी हवाई टिकट, आवास, यातायात कम्पनी/रोजगारदाताले उपलब्ध गराउने | |
| २. | अर्ध-दक्ष (Semi-Skilled) | मेशन,ब्लक मेकर, प्लास्टरमेन, कार्पेन्टर, मेकानिकल हेल्पर, इलेक्ट्रीकल हेल्पर, स्टिल फिक्स्चर,टायल | तालिम प्राप्त | १,२०० (एक हजार दुईसय) | ३००(तीनसय) | औषधी उपचार, द्वितर्फी हवाई टिकट, आवास, | |
| | | | दुई वर्षको कार्य अनुभव | १,३००(एक हजार तीनसय) | | | |
| | | | चार वर्षको कार्य अनुभव | १,४००(एक हजार | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | फिक्स्चर, प्लम्बर, पाइप फिटर, वेल्डर, स्काफोल्डर, ए.सी. मेकानिक, लउन्ड्री म्यान, वासर मेन, शप एसिष्टेन्ट | | चारसय) | | यातायात कम्पनी/रोजगारदाताले उपलब्ध गराउने | |
| | | | पाँच वर्षको कार्य अनुभव वा आधारभूत दक्ष तह (Skill level 1) | १,५००(एक हजार पाँचसय) | | | |
| | | सेक्युरिटी म्यान, वेटर, अस्सिटेन्ट कुक, सेल्स मेन, इलेक्ट्रीसियन | तालिम प्राप्त | १,२०० (एक हजार दुईसय) | ३००(तीनसय) | | |
| | | | दुई वर्षको कार्य अनुभव | १,३००(एक हजार तीनसय) | | | |
| | | | चार वर्षको कार्य अनुभव | १,४०० (एक हजार चारसय) | | | |
| | | | पाँच वर्षको कार्य अनुभव | १,५०० (एक हजार पाँचसय) | | | |
| | | लाइट ड्राइभर | तालिम प्राप्त | १,३०० (एक हजार तीनसय) | ३००(तीनसय) | | |
| | | | दुई वर्षको कार्य अनुभव | १,४००(एक हजार चारसय) | | | |
| | | | चार वर्षको कार्य अनुभव | १,५०० (एक हजार पाँचसय) | | | |
| | | | पाँच वर्षको कार्य अनुभव | १,६०० (एक हजार छसय) | | | |
| | | हेभी ड्राइभर | तालिम प्राप्त | १,५०० (एक हजार पाँचसय) | ३००(तीनसय) | | प्रत्येक यात्राको यात्रा |
| | | | दुई वर्षको कार्य अनुभव | १,८०० (एक हजार | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आठसय) | | | भत्ता अनिवार्य उपलब्ध गराउनु पर्ने |
| | | | चार वर्षको कार्य अनुभव | १,९०० (एक हजार नौसय) | | | |
| | | | पाँच वर्षको अनुभव | २,२००(दुई हजार दुईसय) | | | |
| | | प्लान्ट अपेरटर, कन्स्ट्रक्सन सुपरभाइजर | आधारभूत तह (At least level 1) | २,००० (दुई हजार) | ३००(तीनसय) | | |
| | | फोरम्यान | आधारभूत तह (At least level 1) | २,२०० (दुई हजार दुईसय) | ३००(तीनसय) | | |
| | | कन्स्ट्रक्सन इक्युपमेन्ट अपरेटर, स्काफोल्डिङ्ग सुपरभाइजर, ड्राउटसम्यान | आधारभूत तह (At least level 1) | २,५०० (दुई हजार पाँचसय) | ३००(तीनसय) | | |
| ३. | दक्ष (Skilled) | बेकर्स | आधारभूत तह (At least level 1) | १,२०० (एक हजार दुईसय) | ५०० (पाँचसय) | औषधी उपचार, द्वितर्फी हवाई टिकट, आवास, यातायात कम्पनी/रोजगारदाताले उपलब्ध गराउने | |
| | | कुक | आधारभूत तह (At least level 1) | १,४०० (एक हजार चारसय) | | | |
| | | फ्रन्ट अफिस | आधारभूत तह (At least level 1) | १,५०० (एक हजार पाँचसय) | | | |
| | | एडमिनिस्ट्रेटिभ असीस्टेन्ट | आधारभूत तह (At least level 1) | १,८०० (एक हजार आठसय) | | | |
| | | कम्प्युटर अपरेटर | आधारभूत तह (At least level 1) | २,०००(दुई हजार) | | | |
| | | फर्मासिस्ट, ल्याबरेटोरी | आधारभूत तह (At least | २,२००(दुई हजार | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | र टेक्निसियन, मेडिकल असिस्टेन्ट | level 1) | दुईसय) | | | |
| | | एकाउन्टेन्ट, ओभरसियर | आधारभूत तह (At least level 1) | २,५००(दुई हजार पाँचसय) | | | |
| | | नर्स | आधारभूत तह (At least level 1) | ३,०००(तीन हजार) | | | |
| ४. | व्यावसायिक (Professional) | एच.आर. एक्जीक्युटीभ | विशेषज्ञ | ५,०००(पाँच हजार) | | औषधी उपचार, द्वितर्फी हवाई टिकट, आवास, यातायात कम्पनी/रोजगारदाताले उपलब्ध गराउने | |
| | | इन्जीनियर (कम्प्युटर, सेफ्टी, टेलिकम, इलेक्ट्रोनिक, मेकानिकल, इलेक्ट्रीकल र सिभिल) | विशेषज्ञ | ५,३००(पाँच हजार तीनसय) | | | |
| | | म्यानेजर | विशेषज्ञ | ५,५००(पाँच हजार पाँचसय) | | | |
| | | जनरल म्यानेजर | विशेषज्ञ | ६,५००(छ हजार पाँचसय) | | | |
| | | डाक्टर (जनरल फिजिसियन), सर्जन, चार्टर्ड एकाउन्टेन्ट | विशेषज्ञ | ११,०००(एघार हजार) | | | |

**आज्ञाले,**
**महेश प्रसाद दहाल**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–
गो.हु.द.नं. १६।२०६२।६३